*माननीय मन्त्रीबाट संशोधन स्वीकृति मिति २०६८।०७।०३*

# महिला नगर समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०६८

**पृष्ठभूमि** :

नेपालको कूल जनसंख्याको आधा हिस्सा ओगट्ने महिला वर्गको सशक्तिकरण, समानता, तथा मूलप्रवाहीकरणको लागि सरकारले विगत छैठौं आवधिक योजना देखि विभिन्न नीति तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्दै आएको छ । साथै स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा अन्य प्रचलित निर्देशिका, कार्यविधि वमोजिम स्थानीय निकायहरुले आवधिक तथा वार्षिक विकास कार्यक्रम/आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दा महिला लगायत पिछडिएको वर्ग, क्षेत्र, समुदायलाई सहभागी गराउँदै आएको पाईन्छ ।

यी नीतिगत, कानुनी प्रावधान अनुसार स्थानीय निकायहरुले महिला विकासका लागि केहि न केहि कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन् । त्यसैगरी नगरपालिकामा विभिन्न विषयगत कार्यालयहरु, गैर सरकारी संस्थाबाट आ-आफ्नो ढंगले महिलाका क्षेत्रमा काम गर्दै आईरहेकाले काममा दोहोरोपना हुन गई सिमित स्रोत साधनको प्रभावकारी उपयोगमा समेत असर परेको छ । साथै यसवाट महिलाहरुको मूलप्रवाहीकरण, सशक्तिकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा खर्च गरिएको श्रोत साधनवाट अपेक्षित उपलव्धी हासिल भई लक्षित वर्गले संतोषजनक प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्था छ ।

यसरी स्थानीय निकाय, विषयगत कार्यालय तथा अन्य गैरसरकारी निकायवाट महिला विकासका लागि संचालन गरिने कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी वनाई उपलव्धीपूर्ण र समावेशी बनाउनको लागि नेपाल सरकार, स्थानीय विकास मन्त्रालयले देशका सवै नगरपापालिकामा महिला नगर समन्वय समितिको गठन गर्नुपर्ने आवश्यकता रहेको छ । यस समितिले हरेक नगरपालिकामा विभिन्न निकायहरुवाट महिला विकाससंग सम्वन्धीत कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहयोग र समन्वय गर्ने छ । यसबाट नगरपालिकामा महिलाको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको बिचमा दोहोरोपना हट्न गई महिलाका आवश्यकतामा आधारित कार्यक्रमहरुको तर्जुमा हुन जाने र यस्ता कार्यक्रमहरुको कार्यान्वयनमा स्वामित्व, संलग्नता तथा प्रतिफलमा समेत पहुँच पुग्नेछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :( १) यो कार्यविधिको नाम **महिला नगर समन्वय समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०६८** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **महिला नगर समन्वय समिति गठनको उद्धेश्यः** महिला नगर समन्वय समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा सरकारी, स्थानीय निकाय तथा गैरसरकारी संस्थावाट सञ्चालित महिला विकासका कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने ।

(ख) स्थानीय योजना पद्धतिमा महिलाको सहभागिता सुनिश्चत गरी यस्ता कार्यक्रमबाट उनीहरुले अधिकतम प्रतिफल पाउन सक्ने अवस्थाको सृजना गर्ने ।

(ग) नगरपालिकामा विभिन्न सरकारी, स्थानीय निकाय तथा गैरसरकारी निकायवाट सञ्चालन गरिने कार्यक्रम, बजेट तथा कार्यान्वयनको अवस्थाका बारेमा पारदर्शिता कायम गर्ने ।

(घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ लगायत अन्य प्रचलित ऐन, नियमावली तथा कार्यविधिहरुले महिलाहरुको विकास तथा सहभागिताका लागि गरेका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न सहयोग र सहजीकरण गर्ने ।

(ङ) नगरपालिकामा स्थानीय निकाय, सरकारी र गैरसरकारी निकायवाट सञ्चालित कार्यक्रमहरुका बीचमा दोहोरोपना हुन नदिने तथा आवश्यक स्थानमा कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।

३. **महिला नगर समन्वय समिति गठन** : (१) नगरपालिकाले महिला विकासका कार्यक्रममा मुलप्रवाहीकरण, शसक्तिकरण तथा समन्यायिक विकास गर्न आवश्यक समन्वयकारी भूमीका निर्वाह गर्नका लागि नगरपालिकाको प्रमुखको अध्यक्षतामा महिला हक, अधिकार र विकासका क्षेत्रमा क्रियाशिल एकजना महिला उपाध्यक्ष रहने गरी देहाय अनुसारको महिला नगर समन्वय समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | -अध्यक्ष |
| (ख) नगरभित्र महिला हक, अधिकार र विकासका क्षेत्रमा क्रियाशिल महिलाहरु मध्येबाट नगरपालिकाले तोकेको एकजना महिला[1] | - उपाध्यक्ष |
| (ग) व्यवस्थापिका संसदमा बहाल रहेका नगरक्षेत्रमा स्थाई ठेगाना भएका महिला सभासदहरु | -पदेन सदस्य |
| (घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि | - सदस्य |

[1] निगरपालिकामा निर्वाचित  पदाधिकारी नभएको अवस्थामा स्थनीय विकास मन्त्री/राज्यमन्त्रीले तोकको व्यक्ति समितको उपाध्यक्ष हुनेछ ।

